# नेपालका आदिवासी जनजाति
# गुरुङ्ग जातिको संक्षिप्त परिचय

## पृष्ठभूमि

## परिचय

नेपालको सुचीकृत आदिवासी जनजातिहरु मध्ये गुरुङ जाति पनि एक प्रमुख जाति हो । यो समुदायको आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा तथा मौलिक पहिचान रहेको छ । तमू समुदायको मुख्य बस्ती नेपालको मध्य उच्च पहाडी भाग देखि लिएर दक्षिण चुरे भागसम्म फैलिएका लेक, बेसी, टार र फाँटहरु पर्दछन् । गुरुङ (तमू) हरुको भौगोलिक क्षेत्र उत्तरी सिमाना गोरखाको तिब्बत, पश्चिमी सिमाना काली गण्डकी, पूर्वमा बूढी गण्डकी, त्रिशुली र दक्षिण सिमाना नवलपरासी देवचुली, वरचुली र त्रिवेणी देवघाट सम्म पर्दछ ।

नेपालको २०६८ को जनगणनामा तमू (गुरुङ) जातिको जनसंख्या ५,२२,६४१ देखाइएको छ । सबै भन्दा बढी तमूहरुको बसोबास कास्की जिल्लामा रहेको छ । गुरुङ (तमु) हरु मिलनसार, सहयोगी, शाहसी, इमान्दार, मेहनती र सोझा स्वभावका हुन्छन् । गुरुङ समुदाय मंगोल वर्णका शारीरिक रुपमा गहुँ गोरो, गोलो/बाटुलो अनुहार, कालो आँखा, कालो कपाल, मझौला कद, कसिला तिघ्रा र फुर्तिला देखिन्छन् ।

गुरुङहरु पहाडी उच्च भागहरुमा एउटा निश्चित भु-भागमा गुजुमुज्ज भएर बस्न मन पराउँछन् । आफ्नो खेतीपाती गर्ने जग्गा हमीन केही टाढा पर्दछ । गुरुङहरुको घुमाउने घर (स्युर धीं) परम्परागत शैलीको घर हो । यो ढुंङ्गा, माटो, काठबाट गोलाकार आकारमा बनाइएको हुन्छ । छानाहरु ढुंगाले छाएका हुन्छन् । घरहरु राता माटा र खरीले लिपेको हुन्छन् ।

## जातीय इतिहास

गुरुङहरुको मुलथलो गण्डकी क्षेत्रको उत्तरी भेगमा पर्ने क्होल सों प्रे (क्होल सों थर) मानिन्छ । यसरी क्होल सों प्रे ट्होबाट लमजुङ, कास्की, तनहुँ, गोरखा, स्याङजा, पर्वत, चितवन, रुपन्देही, नवलपरासी लगायत पूर्वमा रुम्जाटार, इलाम र पश्चिममा कञ्चनपुरसम्म तमुहरुको बसोबास रहेको पाइन्छ ।

नेपालको राज्य संञ्चालनको ऐतिहासिक घटनाक्रममा गुरुङहरुको भूमिका उल्लेखनीय छन् । ब्रिटिश र भारतीय सेनामा प्रथम र द्वितिय विश्व युद्धमा बहादुरी र अनुशासन देखाएको इतिहास र मुलुकमा शासन प्रशासनमा पनि सहभागी भई ठूलो योगदान देखाउँदै आएका छन् ।

## भाषिक अवस्था

गुरुङ समुदायको भाषालाई तमुकी/ तमु क्युई/ तमके भन्दछन् । २०६८ को जनगणनाको तथ्यांक अनुसार तमू (गुरुङ) ३,२५,६२२ ले आफ्नो मातृभाषा बोल्दछ । तमु भाषाको लिपि भनी यही भनी निश्चित भएको छैन । कसैले खेमा लिपि, स्यामन लिपि, रोमन लिपि र देवनागरि लिपि पनि प्रयोग गरेका छन् । गुरुङ भाषा भोट बर्मेली भाषा परिवार अन्तरगत पर्दछ । पश्चिमी गोरखा देखि पर्वत सम्म तथा तनहुँ र स्याङजाका कछाड भाग सम्मका गुरुङहरु आफ्नो मातृभाषा बोल्दछन् । यस गण्डक क्षेत्र बाहेक अन्य जिल्लाहरुमा गुरुङ भाषा बोलिदैन र यो मातृभाषा र संस्कृति लोप हुदै जाने क्रम रहेको छ ।

## परम्परागत पेशा

गुरुङहरुको मुख्य पेशा कृषि नै हो । उच्च भु-भागमा बस्ने हुँदा खेतीपाती प्रशस्त नहुने हुँदा वस्तुभाव कुखुरा, भेडा, बाख्रा, गाई, भैंसी पालेर अन्न सँग दुध, दही, घिऊ, मासु, ऊन सट्टपट्टा गर्ने गर्दछ । रोजगारको शीलशिलामा युवाहरु बृटिस, भारतीय, नेपाली सेना तथा प्रहरीमा साथै वैदेशिक रोजगारमा जाने गर्दछन् ।

## सामाजिक संरचना र सम्बन्धहरु

**थर उपथरहरुः** गुरुङ (तमु) समुदायको बनावट कुगीः सोंगी (लेम, लम, कोन) र प्लिहगी (साम्री, रिल्दै, क्ह्याल्दे र डांगी घले) को संगालो हो । गुरुङ समुदायमा थुप्रै थर, उपथरहरु छन् । एउटै थर भन्नु रगतको नाता भएकाले थर भित्र जाति पुस्ता भए पनि विवाह हुदैन । गुरुङहरुको थर कतै १७२ थर देखाइएको छ भने कतै ३४४ वटा सम्म थर उल्लेख गरिएको छ ।

## धार्मिक परम्परा र प्रचलनहरु

धार्मिक रुपमा गुरुङहरु प्रकृति पुजक नै हुन् । प्रकृति पुजक, कुल पुजक, स्थानीय देवी देवताको पुजा, खर्क खरचारी, गोठ, नदी, बनजंगल आदीमा विश्वास राख्दछन् । गुरुङहरु वोन धर्म, बौद्ध धर्म र मूल कूल धर्महरुको अवधारणा राखिएको छ । यस मध्ये गुरुङहरुको प्राचिन धर्म प्रकृति धर्म (वोन धर्म) मानिन्छ । तिब्बतमा ईस्वी सातौ शताब्दि देखि लामा बौद्ध धर्मको विकास भए पछि गुरुङ समाजमा बौद्ध धर्मको बढी प्रभाव रहेको छ । गुरुङहरु आफ्नो कुलपितृ अथवा आफ्नो दिवङ्गत पिता पुर्खाहरुलाई खेमाको रुपमा पुजा गर्दछन् । त्यस्तै सिल्दोपाल्दो स्थानीय देवी देवता र सिमेभुमीलाई पनि पुजा गर्दछन् । यिनीहरुको आफ्नै पच्हयू, क्लेब, तम, पैंडी र लामाबाट निर्देशित भई धार्मिक एवं सामाजिक संस्कारहरु गर्दछन् । गुरु पुरोहितबाट नै तमु जातिका जन्म देखि मृत्यु सम्म र मृत्यु पछी गरिने सम्पूर्ण कर्ममाण्डहरु, चाडवाड, पुजापाठ तथा उपचार गराउँदछन् ।

गुरुङहरुको संस्कारमा मि थेंवा (नाम राख्ने), करमी म्रोव (छैठी), क्हो ख्वा (न्वारन), कैं कोवा (पास्नि), पुटपुटे (आश्मिला), क्र वावा (छेवर), ङ्वि विवा (गुनियो चोलो दिने), ङे क्रवा (विवाह) आदि पर्दछन् । यस बाहेक रोधी नाच्ने, घाटु नृत्य, सोटठी नृत्य, छयाडू (सेर्का), मृत्यु संस्कारमा नाचिने अर्घु नाच, तमू ल्होछार, टहो त्हें चाड, लोक संगित र उखान टुक्काहरु, लोक गीतहरु हुन् ।

**चाडपर्वः** गुरुङहरुको मुख्य चाड पुष १५ गते मनाइने ल्होछार हो । यस बाहेक माघे संक्रान्ती, श्रीपञ्चमी, फागु पुर्णिमा, चैतमा ट्हो त्हें, हयाँखु, वैशाखमा वायो पुजा, चण्डी पुजा र घाटु नाच्ने र सेलाउने, जेष्ठमा सिल्दो त्हे, गैडु (गोठ पुजा), अषाढ १५, साउने संक्रान्ती, भदौमा हरेलो पुजा, आश्विनमा फैलु र स्यौं पुजा, दशै तिहार, कार्तिकमा धीं त्हें (घर रखबार), मंसिरमा न्वागी (नयाँ अन्न खाने) मुख्य चाडहरु हुन् ।

## जीवन चक्रिय प्रणाली

गुरुङ समुदायले आफ्नो संस्कृति परम्परा अनुसार जन्म देखि मृत्यु सम्म विभिन्न संस्कारहरु गर्दै आईरहेको पाइन्छ । जन्म संकारमा भात खुवाई, पुटपुटे (शुभकामना दिने), क्षेवर, ङ्वी, चोली (गुनियो चोली दिने) आदि गर्दछन् । विवाहमा परम्परागत मागी विवाह प्रचलित छ । मामाको छोरी र फुपुको छोरी  विवाहमा प्राथमिकता दिने चलन रहेको छ । गुरुङहरुको एउटै थर भित्र

विवाह चल्दैन । गुरुङहरुको मृत्यु संस्कारमा मृत शरीर सतगत गर्ने र आत्म विसर्जन गर्नु पर्दछ । मृत्यु भए पछी पच्यू क्ल्हेबृबाट नभए लामाहरुबाट प्ये शास्त्र अनुसार पुजापाठ तथा अर्घु गर्ने गर्दछ । मृत्यु भएको तीन दिनको साँझ सिमी कैं (चोखो भात) दिन भनेर मिठा परिकारहरु बनाएर चढाउँदछन् । मृत्यु भए पछी पय अर्घु अनिवार्य गरिन्छ । ह्यो पय मृतकको भौतिक शरीरलाई सतगत गरेककै दिन देखि शुरु गरिन्छ भने च्हयु पय मृत्यु भएको केही दिन, महिना, वर्ष र धेरै वर्ष पछि भए पनि गरिने संस्कार हो । तर यो जोर दिन, महिना वा वर्षमा गर्नु हुदैन भन्ने विश्वास छ । यो तीन दिन सम्म गरिन्छ तर आजभोली दुई दिनमै समापन गरिन्छ । आस्यो र मावलीद्वारा राम्रो नराम्रो संस्कार र कर्म काण्डमा चोख्याउने, फुकाउने प्रथा गुरुङ (तमु) संस्कृतिको विशेषता हो ।

## परम्परागत भेषभुषा, खाना, बाजागाजा

**भेषभुषाः** गुरुङ समुदायमा पुरुषहरुले लगाउने परम्परागत कपडाहरु कासा (कछाड), भोटो, भाङ्ग्रा, घुमराडी, पेटी, कुली, टोपी बुढापाका भए क्रेगी (फेटा), आस्कोट, जुत्ता लगाउँदछन् । यस्तै महिलाहरुको भेषभुषामा ङ्युई (साडी गुनियो), प्रो (घलेक), तम्ला (टिकिस), क्रमु (पछ्यौरा), फगी (पटुका/धरो) र चोली पर्दछ ।

**गरगहनाः** गुरुङ महिलाहरुले गरगहनामा च्या (औंठी), मार-ट (शीरफूल), झोक (शीरबन्दी), मारचुरा (सुनको बाला), हार, विवाह भएकाले मंगलशुत्र, असर्फी औंठी, सिलमुन्दी, रैवा (वाला), पिरु (मुगा) प्रमुख हुन् । त्यस्तै आर्से (तिलहरी), कण्ठी (पोते), नौगेरी लगाउने चलन पनि छ ।

## परम्परागत प्रथाजनित न्याय प्रणाली

गुरुङ समुदायको आफ्नै परम्परागत सामाजिक न्याय प्रणाली प्रचलनमा थिए । गाउँमा मुद्दा मामिला परी विवाद भएमा गाउँका मुखिया र पञ्चभलाद्मीहरुले दुबै पक्षलाई राखी मेलमिलाप तथा समस्याको सामाधान गरिन्थ्यो ।

**नाल सभाः** कालान्तरमा गुरुङहरुको संसद वा संस्थालाई नाल सभा भनिन्थ्यो । यसलाई छोज धीं वा गुरुङको सामुदायिक भवन पनि भनिन्छ । एउटा नालमा थुप्रै गुरुङ बस्ती/गाउँहरु समावेश भएका हुन्थ्यो । गाउँको श्रोत साधन, खेतीपाती, वस्तुभाव, वनजंगल खोलानाला, कूलोलाई व्यवस्थित ढंगले उपयोग गर्न नाल सभा बस्ने गर्दथ्यो ।

**क्ल्हे धीं (मुखिया प्रथा)**ः गाउँको सर्वोच्च ब्यक्तिका रुपमा क्ल्हे (मुखिया) मुद्दा मामिला, झै-झगडा मिलाउन मुखियाको प्रमुख भुमिका रहन्थ्यो ।

गाउँलेको भेला हुनु पर्दा कटुवाल प्रथा थियो । सबैमा खबर सन्देश पुर्याउने र गाउँका मुद्दा मामिला, गाउँको मुखिया र जिम्मालबाट मिलाउने चलन थियो ।

## परम्परागत संस्थाहरु

**क्होइवो धींः** यो गुरुङको पुरोहित वा गुरु घर हो । यहाँ धर्मगुरुहरु/खेगीहरु पच्यू, क्ल्हेबृ र वोन लामाहरु आफ्नो संस्कारहरुको विधिपूर्वक पुजापाठ गर्ने स्थल हो ।

**रोधीः** गुरुङहरुको महत्वपूर्ण सांस्कृतिक अंगको रुपमा गाउँको युवायुवतीहरु भेटघाट, रमाइलो र मनोरञ्जन गर्ने घरको रुपमा लिन सकिन्छ ।

**आमा समूहः** गुरुङ बस्तीमा आमा समूहद्वारा एक आपसमा सहयोग गर्ने, विकृतिहरु हटाउने र गाउँको विकास निर्माण सामुहिक कार्यमा सहयोग गर्ने कार्यहरु गर्दछ ।

## सन्दर्भ सामग्री


- नारायण ल्हेंगे गुरुङ (२०६८) *"तमू (गुरुङ) जातिको चिनारी"*, आ.ज.उ.रा.प्रतिष्ठान, तमू ह्युल छोज धीं गुरुङ राष्ट्रिय परिषद, किशोर अफसेट प्रेस प्रा.लि., ठमेल, काठमाडौं ।